Rabi Sangyan रवि संज्ञान

# देव नागरी र रोमन लिपिको चिनारी

**हेमा जोशी**
विद्यावारिधि अनुसन्धानरत, सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस

**Article Info .**

*Corresponding Author*
**Hema Joshi**

*Email*
joshihema262@gmail.com

*Article History*
Received: 28 Sept. 2024
First Revised: 05 Oct. 2024
Second Revised: 14 Oct. 2024
Accepted: 10 Oct. 2024

*Cite*
Joshi, H. (2024). देव नागरी र रोमन लिपिको चिनारी (Characterization of devanagari and roman script). *Rabi Sangyan*, *1*(1), 91–100.

**Abstract (लेखसार)**

देव नागरी र रोमन लिपिको चिनारी शीर्षकको यस लेखमा देव नागरी लिपि र रोमन लिपिका वर्णहरू, देव नागरी लिपि र रोमन लिपिको समानता र भिन्नताजस्ता उपशीर्षकहरूमा विषयको विश्लेषण गरिएको छ। कुनै पनि भाषालाई लेख्य माध्यमबाट प्रस्तुत गर्ने अङ्क, अक्षर, चित्र आदिलाई लिपि भनेर चिनिन्छ । अंग्रेजी भाषाको लिपि रोमन लिपि हो । त्यसै गरी नेपाली, हिन्दी, संस्कृत आदि भाषाहरू देव नागरी लिपिमा लेख्ने गरिन्छ । प्राचीन समयमा प्रचलित हुँदै सङ्केत वा भाषिक तत्वलाई देखाउन प्रयोग हुने सङ्केतात्मक अर्थ दिने लेखनको चिह्नलाई लिपि भनिन्छ। लिपि एउटा समाजको गहन ऐना भएकाले यो सबै ठाउँमा प्रचलित हुन्छ। लेख तयार पार्ने सन्दर्भमा मूलतः पुस्तकालयको उपयोग गरी सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूबाट प्राप्त तथ्यलाई तर्क, प्रमाण र उदाहरणका आधारमा वर्णनात्मक विधिद्वारा विश्लेषण गरिएको छ। देव नागरी हिन्दी, मराठी, नेपाली, संस्कृत, र अन्य सहित धेरै भाषाहरू लेख्नको लागि प्रयोग गरिने लिपि हो। यो बायाँबाट दायाँ लेखिएको छ र वर्णहरू जडान गर्दै, शीर्षमा यसको विशिष्ट तेर्सो रेखाद्वारा यसको विशेषता चिनिन्छ भने रोमन लिपि जसलाई ल्याटिन लिपि पनि भनिन्छ। यो संसारमा सबैभन्दा धेरै प्रयोग हुने लेखन प्रणाली हो। यो पुरातन रोमीहरूबाट उत्पन्न भएको हो र अंग्रेजी, फ्रेन्च, स्पेनिश, र अन्य सहित धेरै भाषाहरूको लागि प्रयोग गरिन्छ। यो बायाँबाट दायाँ लेखिएको वर्णमाला लिपि हो र प्रत्येक अक्षरले एकल ध्वनि प्रतिनिधित्व गर्दछ। रोमन लिपि देव नागरीको विपरीत लिपिका रूपमा देखिन्छ। यस्ता प्रचलित लिपिहरू नेपाल लगायत विदेशी मुलुकहरूमा समेत उपयोगी हुने कुरा यस लिपि सम्बन्धी आलेखमा उल्लेख गरिएको छ।

शब्दकुञ्जीः वर्णमाला, लिपि, व्यञ्जन वर्ण, स्वर वर्ण, लेख्य

## विषयप्रवेश

देव नागरी एउटा लिपि हो। यो लिपि विशेष गरेर दक्षिण एसियामा प्रयोग हुन्छ । यो लिपि देब्रे देखि दायाँतर्फ लेखिन्छ । यो लिपि संस्कृत, नेपाली, नेपाल भाषा, हिन्दी, मराठी, भोजपुरी, मैथिली, पाली, रोमानी आदि भाषाहरू लेख्नमा प्रयोग भएको पाईन्छ। अनेक भारतीय भाषाहरू तथा केही विदेशी भाषाहरू लेखिन्छन्। संस्कृत, पाली, हिन्दी, मराठी, कहरूकणी, सिन्धी, कश्मीरी, नेपाली, तामाङ भाषा, गढवाली, बोडो, अंगिका, मगही, भोजपुरी, मैथिली, संथाली आदि भाषाहरू देव नागरीमा लेखिन्छ। यसका अतिरिक्त केही स्थितिहरूमा गुजराती, पन्जाबी, बिष्णुपुरिया मणिपुरी, रोमानी र उर्दू भाषाहरू पनि देव नागरीमा लेखिन्छन् । अधिकतर भाषाहरू झैं देव नागरी पनि देब्रेबाट दाहिने लेखिन्छ । प्रत्येक शब्दमाथिबाट एउटा रेखा खिँचिन्छ (केही वर्णहरूको माथिबाट रेखा हुँदैन) यसलाई शिरोरेखा भनिन्छ। यसको विकास ब्राह्मी लिपिबाट भएको हो। यो एक ध्वन्यात्मक लिपि हो जो प्रचलित लिपिहरू (रोमन, अरबी, चीनी, आदि) मा सबभन्दा अधिक वैज्ञानिक छ। भारतीय भाषाहरूका कुनै पनि शब्द वा ध्वनिलाई देव नागरी लिपिमा जस्ताको तस्तै लेख्न सकिन्छ र फेरि लेखिएको पाठलाई लगभग जस्ताको तस्तै उच्चारण गर्न सकिन्छ, जो कि रोमन लिपि र अन्य धेरै लिपिहरूमा सम्भव छैन, जबसम्म कि त्यसको केही खास मानकीकरण गरिँदैन ।


Copyright©2024: Author(s). Published by Rabi Campus, Panchthar Nepal

देव नागरी लेखनको दृष्टिबाट सरल, सौन्दर्यको दृष्टिबाट सुन्दर र वाचनको दृष्टिबाट सुपाठ्य छ। कुनै भाषाका (स्वर र व्यञ्जन वर्णका स्वरूप) अक्षरहरूलाई लिपिमा क्रमैसँग लेखेर प्रणालीगत रूपमा राखेको समुहलाई वर्णमाला भनिन्छ । जस्तैः अ देखि अः सम्म (स्वर वर्णहरू) र क देखि ङ (क वर्ग), च देखि ञ (च वर्ग), ट देखि ण (ट वर्ग), त देखि न (त वर्ग), आदि हुँदै ज्ञ सम्म (व्यञ्जन वर्णहरू) सिलसिलेवार तथा तर्कसंगत किसिमले राखेको समुह नेपाली वर्णमाला हो भने A देखि Z सम्मलाई तर्कसंगत किसिमले सिलसिलेवार मिलाएर स्थापित गरेकोलाई अंग्रेजी वर्णमाला (English Alphabet) भनिन्छ।

## समस्याकथन र उद्देश्य

प्राचीन युगका मानवले आफ्नो मानसिक भावनाबाट निक्लेका हरेक ध्वनिलाई रेखात्मक चिन्हले प्रकट गरिएका भावनात्मक सम्बन्ध जोडिने लेखनलाई लिपि भनिन्छ । लिपिको विकास र उद्‌भव मानव जातिको उत्पत्ति भएदेखि नै भएको मानिन्छ। देव नागरी र रोमन लिपिको चिनारीबारे आलेखका लागि निम्नलिखित समस्याहरू पहिचान गरिएका छन्।

क) देव नागरी लिपि र रोमन लिपिका वर्णहरू कुन रूपमा प्रयोग गरिएको छ ?

ख) देव नागरी र रोमन लिपिका के कस्ता समानता र भिन्नता रहेका छन् ?

उपर्युक्त शोध्य प्रश्नहरूको निराकरण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## अध्ययन विधि

उपर्युक्त अध्ययनका उद्देश्यहरू हासिल गर्नका लागि विशेषगरी द्वितीयक स्रोतको प्रयोग गरिएको छ। लेख तयार पार्ने सन्दर्भमा मूलतः पुस्तकालयको उपयोग गरी सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूबाट प्राप्त तथ्यलाई तर्क , प्रमाण र उदाहरणका आधारमा वर्णनात्मक विधिद्वारा विश्लेषण गरिएको छ।

### देव नागरी लिपि

देव नागरी भारत, नेपाल, तिब्बत र दक्षिणपूर्वी एसियाका लिपिहरूको ब्राहमी परिवारको एक भाग हो । यो तेस्रो शताब्दी ईसापूर्वको ब्राह्मी लिपिको वंशज हो । यसको विकास ब्राह्मी लिपिबाट भएको हो । देव नागरी लिपिमा अनेक भारतीय भाषाहरू लेखिन्छन्। देव नागरी लेखनको दृष्टिबाट सरल, सौन्दर्यको दृष्टिबाट सुन्दर र वाचनको दृष्टिबाट सुपाठ्य छ (राजवंशी, २०५९, पृ.२) । मराठी, पाली, संस्कृत (संस्कृतको लागि प्राचीन नागारी लिपिमा दुई अतिरिक्त व्यञ्जन वर्ण थिएँ), हिन्दी, नेपाली, शेर्पा, प्राकृत, अपभ्रंश, अवधी, भोजपुरी, ब्रज भाषा, छत्तीसगढी, हरियाणवी, मगही, नागपुरी, राजस्थानी, भिली, डोगरी, मैथिली, कश्मीरी, कोङ्गणी, सिन्धी, बोडो, नेवारी, पन्जाबी, मुन्डारी र सन्थाली लगायतका भाषाहरूले देव नागरी लिपि एकमात्र लिपि वा दोस्रो लिपिको रूपमा प्रयोग गर्ने गर्दछन्। देव नागरीमा एक ध्वनिको लागि एउटै वर्ण हुने गर्दछ। कुनै ध्वनिको लागि एकभन्दा बढी वर्णको प्रचलन पनि रहेको पाइन्छ तर यिनीहरूमा एउटैलाई मानक रूप दिएको पाइन्छ। देव नागरी लिपि नन्दीनागरी लिपिसँग पनि मिल्दोजुल्दो रहेको छ जुन दक्षिण भारतका विभिन्न प्राचीन पाण्डुलिपिहरूमा भेट्ने गरिन्छ (बन्धु २०५०, पृ. १६६) । यो विभिन्न दक्षिणपूर्वी एसियाली लिपिहरूसँग पनि सम्बन्धित छ। परम्परागत नेपाली वर्णमाला देव नागरी लिपिमा आधारित छ। देव नागरी लिपिमा नेपाली भाषाका उच्चार्य वर्णसँग सम्बन्धित लेख्यचिह्नहरू मात्र छैनन् । अरू अतिरिक्त लेख्यचिह्नहरू पनि छन् । लेख्य नेपाली भाषामा तिनीहरूको समेत प्रयोग गर्ने प्रचलन रहेको छ (अधिकारी, २०६३, पृ.९) । परम्परागत नेपाली वर्णमालामा निम्नअनुसारका लेख्य चिह्नहरू रहेका छन्।

### लेख्य नेपाली वर्णमाला

**लेख्य नेपाली वर्णमाला**

स्वरः अ, आ, इ, ई, उ,ऊ, ॠ, ए, ऐ, ओ, औ, अं, अः (१३)

व्यञ्जनः क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, श, ष, स, ह, क्ष, त्र, ज्ञ (३६)

लेख्य नेपाली भाषामा यिनै लिपिहरूको प्रयोग गरिन्छ ।तर यीमध्ये केहीले नेपाली भाषाका उच्चार्य वर्णहरूको प्रतिनिधित्त्व गर्दैनन्। जस्तैःई,ऊ,ॠ,श,,ष जस्ता लिपिचिह्नहरूले मौखिक भाषाको उच्चारणमा अलग्गै पहिचान दर्साउन सक्दैनन् । यिनको सामान्य उच्चारण क्रमशः इ,उ,रि,स भन्दा अलग किसिमको हुँदैन्।

**मौखिक नेपाली वर्णमाला**

स्वर : अ,आ,इ,उ,ए,ऐ,ओ (६)

व्यञ्जनः वर्णः क, ख, ग, घ, ङ, च,छ ,ज,झ,ञ, त, थ,द,ध,न,प,फ, ब,भ, म,य, र ,ल ,व, स, ह (२९)

यसरी ई,ऊ, ऋ,श,ष,ञ आदि लिपिचिह्नहरू नहुँदा पनि नेपाली भाषाको मौखिक स्वरूपको प्रतिनिधित्व हुन सक्छ । मौखिक भाषाका आधारमा नेपाली वर्णमाला भन्नाले यिनै लिपिचिह्नहरूलाई लिनुपर्ने हुन्छ। समसामयिक नेपाली भाषाको उच्चारणमा प्रयोग हुने यिनै वर्णहरूका आधारमा यस भाषाको वर्णव्यवस्था बनेको छ । नेपाली भाषाको उच्चार्य वर्णमाला ६ वटा स्वर र २९ वटा व्यञ्जन गरी जम्मा ३५ वटा वर्णहरू रहेका देखिन्छन् (अधिकारी,२०६३, पृ.११) ।

**तालिका १**

नेपाली स्वर वर्णहरूको पहिचान

| ओठको गोलाइ | जिब्राको उचाइ | जिब्राको अग्रता-पश्चता | अनुनासिकता | मूल स्वर र द्विस्वर |
|---|---|---|---|---|
| गोलित स्वर (२)<br>(उ, ओ) | उच्च स्वर (२)<br>(इ, उ) | अग्र स्वर (२)<br>(इ, ए) | अँ, आँ, उँ, इँ, एँ, औँ | मूल स्वर (५)<br>अ, आ, इ, उ, ए) |
| अगोलित स्वर (४)<br>(अ, आ, इ, ए) | मध्य स्वर (२)<br>(ए, ओ) | पश्च स्वर (४)<br>(उ, ओ, अ, आ) | | द्विस्वर (२)<br>ऐ (अइ), औ (अउ) |
| | निम्न स्वर (२) (अ, आ) | | | |

**तालिका २**

नेपाली व्यञ्जन वर्णहरूको पहिचान

| उच्चारण स्थान | उच्चारण प्रयत्न | घोषत्व | प्राणत्व |
|---|---|---|---|
| ओष्ठ्य<br>(प, फ, ब, भ, म) | स्पर्श<br>(क, ख, ग, घ, ट, ठ, ड, ढ, त, थ, द, ध, प, फ, ब, भ) | अघोष<br>(क, ख, च, छ, ट, ठ, त, थ, प, फ, स) | अल्पप्राण<br>(क, ग, ङ, च, ज, ट, ड, त, द, न, प, ब, म, र, ल, व) |
| दन्त्य<br>(त, थ, द, ध, न) | स्पर्शसङ्घर्षी<br>(च, छ, ज, झ) | सघोष<br>(ग, घ, ङ, ज, झ, ड, ढ, द, ध, न, ब, भ, म, र, ल, ह, य, व) | महाप्राण<br>(ख, घ, छ, झ, ठ, ढ, थ, ध, फ, भ, स, ह) |
| दन्तमूलीय<br>(च, छ, ज, झ) | सङ्घर्षी<br>(स, ह) | | |
| पश्चदन्तमूलीय<br>(ट, ठ, ड, ढ) | नासिक्य<br>(ङ, न, म) | | |
| कोमल तालव्य<br>(क, ख, ग, घ, ङ) | कम्पित (र) | | |
| | पार्श्विक (ल) | | |
| | अर्धस्वर (य, व) | | |

## हिन्दी वर्णमालामा वर्ण वा अक्षरको सङ्ख्या

हिन्दी वर्णमाला मा कुल ५२ वर्ण रहेका छन् । ११ स्वर, २ आयोगवाह (अं, अः), ३३ व्यञ्जन (क देखि ह् सम्म), २ उत्क्षिप्त व्यञ्जन (ड़, ढ़), ४ संयुक्त व्यञ्जन (क्ष, त्र, ज्ञ, श्र) रहेका छन् । हिन्दी वर्णमालामा पहिले स्वर वर्ण तथा त्यसपछि व्यञ्जन वर्ण को व्यवस्था रहेको छ । भिन्न–भिन्न प्रकार मा हिन्दी वर्णमालामा रहेका वर्णको संख्यालाई निम्नअनुसार प्रस्तुत गरिएको छः

क) **मूल वा मुख्य वर्णः** ४४ (११ स्वर, ३३ व्यञ्जन) अं, अः, ड़, ढ़, क्ष, त्र, ज्ञ, श्र लाई छोडेर ।

ख) **उच्चारणका आधारमा कुल वर्णः** ४५ (१० स्वर, ३५ व्यञ्जन)ः ऋ, अं, अः, क्ष, त्र, ज्ञ, श्र लाई छोडेर ।

ग) **लेखनका आधारमा वर्ण** : ५२ (११ स्वर, २ आयोगवाह, ३९ व्यञ्जन)

यस प्रकार मूल वा मुख्य वर्ण को संख्या चवालीस (४४), उच्चारणको आधारमा वर्णको संख्या पैंतालीस तथा लेखनका आधारमा वर्णको सङ्ख्या /मानक वर्ण को सङ्ख्या/ कुल वर्ण को संख्या बाउन्न रहेको छ ।

**तालिका ३**

हिन्दी वर्णमाला

| **स्वर** | अ | आ | इ | ई | उ | ऊ | ऋ | ए | ऐ | ओ | औ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ँ (अं) **अनुस्वार** | | | | ा: (अ) **विसर्ग**) | | | | | | |
| **व्यञ्जन** | स्पर्शीय/ वर्गीय | क | ख | ग | घ | ङ | | | (क वर्ग) | | |
| | | च | छ | ज | झ | ञ | | | (च वर्ग) | | |
| | | ट | ठ | ड | ढ | ण | (ड़ ढ़) | | (ट वर्ग) | | |
| | | त | थ | द | ध | न | | | (त वर्ग) | | |
| | | प | फ | ब | भ | म | | | (प वर्ग) | | |
| | अंतस्थ: | य | र | ल | व | | | | | | |
| | ऊष्म | श | ष | स | ह | | | | | | |
| | संयुक्त | क्ष (क् + ष) | | | त्र (त् + र) | | ज्ञ (ज् + ञ) | | श्र (श् + रा) | | |

स्वर वर्ण अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ जम्मा ११ वटा रहेका छन् । स्वर वर्णको भेदलाई निम्न अनुसार वर्गीकरण गरिएको छ।

**मात्रा/कालमान/उच्चारणका आधारमा स्वर**

हिन्दी वर्णमालामा मात्राकालमान वा उच्चारणका आधारमा स्वरलाई तीन भेदमा वर्गीकरण गरिएको छ।




**व्युत्पत्तिका आधारमा स्वर**




**प्रयत्नका आधारमा स्वर**



## आगत स्वर

आगत स्वर अरबी फारसी को प्रभावबाट आएको हो । हिन्दी वर्णमालामा यिनको संख्या केवल एउटा रहेको छ । आघत स्वरको उच्चारण आ तथा ओ का बिचमा हुने गर्दछ । आँ शब्दमा यसको प्रयोग गरिन्छ जस्तैः डाँक्टर, डाँलर

व्यञ्जन वर्णको संख्या ३३ (क देखि ह् सम्म), २ उत्क्षिप्त व्यञ्जन (ड़, ढ़), ४ संयुक्त व्यञ्जन (क्ष, त्र, ज्ञ, श्र) रहेका छन्।

**तालिका ४**

आगत श्वर

| स्पर्श | अन्तःस्थ | ऊष्म | संयुक्त |
|---|---|---|---|
| क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ञ्, ट्, ठ्, ड्, ण्, त्, थ्, द्, ध्, प्, फ्, ब्, भ्, म् (२५ वर्ण) | य्, र्, ल्, व् (४ वर्ण) | श्, ष्, स्, ह् (४ वर्ण) | क्ष, त्र, ज्ञ, श्र (४ वर्ण) |

## व्यञ्जन वर्णका अन्य रूप

### नुक्ता

ड़, ढ़ को मुनी लागेको बिन्दुलाई नुक्ता भनिन्छ। नुक्ताको अर्थ आधा न् भन्ने हुन्छ। जसको प्रयोग शब्दमा जोड दिनका लागि हुन्छ। यद्यपि अनुस्वारमा प्रयुक्त आधा न् को प्रयोग शब्दमा जोड दिनका लागि प्रयोग भएको हुँदैन् । हिन्दी वर्णमालामा मूल रूपबाट नुक्ता अरबी, फारसी को प्रभावबाट आएको हो । यी शब्दको प्रयोग शब्दको बिच वा अन्त्यमा आउने गर्दछ। यो शब्द कहिले पनि आरम्भमा आउने गर्दैन्। जस्तैः लड़ना, पढ़ना, घड़ा, चढ़ना

### आगत व्यञ्जन

हिन्दी मा अंग्रेजी तथा उर्दू को प्रभावबाट आएका व्यञ्जन वर्णको उच्चारणका लागि व्यञ्जन वर्णको मुनी एक बिन्दु लगाउने गरिन्छ। जसलाई नुक्ता भनिन्छ। नुक्ता लागेका व्यञ्जन वर्णलाई नै आगत व्यञ्जन भनिन्छ। यिनको मूल संख्या ६ वटा रहेका छन्।

क़, ख़, ग़, ज़, फ़

पाँच वा पाँचभन्दा बढी वर्ण शब्दमा यदि दुई भन्दा अधिक समय आगत व्यञ्जनको प्रयोग हुन्छ भने दोस्रो वर्णमा नुक्ताको प्रयोग गरिन्छ।

### आयोगवाह

हिन्दी वर्णमालामा आयोगवाह वर्णका दुई रूप रहेका छन्। जसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ।






**तालिक ५**

का आधारमा

| उच्चारण स्थान | स्वर | व्यंजन | अन्तस्थ | उष्म |
|---|---|---|---|---|
| १. कण्ठ | अ, आ, | क, ख, ग, घ, ङ | – | ह, अः |
| २. तालु | इ, ई | च, छ, ज, झ, ञ | य | श |
| ३. मुर्द्धा | ऋ, ॠ | ट, ठ, ड, ढ, ण | र | ष |
| ४. दन्त | ऌ | त, थ, द, ध, न | ल | स |
| ५. ओष्ठ | उ, ऊ | प, फ, ब, भ, म | – | – |
| ६. नासिका | – | अं, ङ, ञ, ण, न, म | – | – |
| ७. कण्ठतालु | ए, ऐ | – | – | – |
| ८. कण्ठोष्टय | ओ, औ | – | – | – |
| ९. दन्तोष्ठ्य | – | – | व | – |

## रोमन लिपि

रोमन लिपि, जसलाई ल्याटिन लिपि पनि भनिन्छ, इटालियन प्रायद्वीपमा उत्पत्ति भएको र रोमको प्राचीन शहरको नामबाट नामाकरण गरिएको हो । यो संसारमा सबैभन्दा व्यापक रूपमा प्रयोग हुने वर्णमाला लेखन प्रणाली हो, अंग्रेजी, फ्रेन्च, स्पेनिश र जर्मन सहित धेरै भाषाहरूमा प्रयोग गरिन्छ। रोमन लिपि यसको क्यापिटल र लोअरकेस अक्षरहरूको प्रयोग र अपेक्षाकृत सरल, रैखिक उपस्थिति द्वारा विशेषता हो । रोमन लिपि सामान्यतया बायाँबाट दायाँ लेखिएको हुन्छ, यद्यपि यो दायाँबाट बायाँबाट केही सन्दर्भहरूमा पनि लेख्न सकिन्छ, जस्तै केही मध्यकालीन पाण्डुलिपिहरूमा वा अरबी जस्ता भाषाहरू लेख्दा जुन सामान्यतया दायाँबाट बायाँ लेखिन्छ। रोमन लिपिमा स्वर र व्यञ्जनका लागि छुट्टाछुट्टै अक्षरहरू छन्। प्रत्येक अक्षरले सामान्यतया एकल ध्वनि वा ध्वनिहरूको संयोजनलाई प्रतिनिधित्व गर्दछ। रोमन लिपि विश्वव्यापी भाषाहरूको विस्तृत दायराको लागि प्रयोग गरिन्छ। जसमा अधिकांश युरोपेली भाषाहरू र धेरै अन्यहरू समावेश छन् । यस लिपिमा शिरोपर रेखा नभएका कारण छिटो लेख्न सम्भव हुन्छ। देव नागरी लिपिमा जस्ता संयुक्त व्यञ्जन वर्णहरू रहेको पाइँदैन् यस लिपिमा। यस लिपिमा विदेशी भाषाबाट आएका व्यञ्जन ध्वनिहरूको लागि आफ्नो वर्णहरूको तल नुक्ता लगाउने गरेको पाइँदैन्। टङ्कन तथा मुद्रणका दृष्टिले रोमन लिपि सजिलो छ। सजिलो हुनुको कारण रोमन लिपिमा वर्ण संख्या कम रहेका छन्। रोमन लिपि लिखावटको त्यो तरिका हो जसमा अंग्रेजीसहित पश्चिमी र मध्य यूरोपको सारी भाषाहरू लेखिन्छ। जस्तैः जर्मन , फ्रांसिसी , स्पैनिश, पोर्चुगली, इतालवी, डच , नर्वेजियन, स्वीडिश, रोमानियाई, इत्यादि । यी बायाँबाट दाहिनेतर्फ लेखिन्छ । अङ्ग्रेजीका अतिरिक्त लगभग सबै यूरोपीय भाषाहरू रोमन लिपिका केही अक्षरहरूमा अतिरिक्त चिह्न पनि प्रयुक्त गर्दछन् । अंग्रेजी लेख्न प्रयोग गरिने लिपिलाई रोमन लिपि (Roman Script) भनिन्छ। अग्रेजी वर्णमाला जम्मा २६ वटा अक्षर रहेका छन्। जस अन्तर्गत अग्रेजी अक्षरहरू स्वर (Vowels) र व्यञ्जन (Consonant) गरी दुई किसिमका रहेका छन् जसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ।

१) स्वरवर्ण –a, e, I , o, u –५ (२० किसिमका आवाज आउने)

२) व्यञ्जनवर्ण–b, c, d, f, g, h, j, k, l, m, n, p, q, r, s, t, v, w, x, y, z –२१ (२४ किसिमका आवाज आउने)

अङ्ग्रेजी वर्णमाला प्रयोग भएका २६ वटा अक्षर हरूबाट ४४ किसिमका Sounds निक्लिन्छ।




## स्वर वर्ण

अंग्रेजीअक्षरहरू a, e, I , o, u लाई स्वर भनिन्छ । अंग्रेजीमा २० स्वर ध्वनिहरू (Vowels sound ) छन् । जसलाई ३ प्रकारका स्वर ध्वनिहरूमा विभाजित गरिएको छ।

**तालिक ७**

स्वर वर्णहरू

| | | |
|---|---|---|
| शुद्ध स्वरहरू | लामो स्वर ध्वनि | ५ ध्वनि |
| | छोटो स्वर ध्वनि | ७ ध्वनि |
| | द्विस्वर | ८ ध्वनि |
| स्वरहरू | ५ अक्षर | २० ध्वनि |

अंग्रेजीमा १२ वटा शुद्ध स्वर वा मोनोफ्थोङहरू रहेका छन् :

/i:/(ई), /I/(इ), /ʊ/(उ), /u:/(ऊ),/e/(ए),/ə/ (अ), /ɜ:/(अ:), /:/(ओ), /æ/(अया), ÷/ʌ/(अ), /ɑ:/(आ) and /ɒ/(आ)

डिप्थोङ भनेको दुई स्वरहरू मिलाएर बनाइएको ध्वनि हो। Dipthongs स्वर ध्वनिहरू हुन् जसमा गुणस्तर र लम्बाइमा क्रमिक परिवर्तन हुन्छ,

अंग्रेजीमा ८ डिप्थोङहरू रहेका छन्।

[eɪ] ए (इ), [ɔɪ] (अँइ), [aɪ] (अइ), [eə] (एअ), [ɪə] (इअ), [ʊə] (उअ), [əʊ] (अउ), and [aʊ] (आउ)।

Vowels. Monophthongs

| | | | | | |
|---|---|---|---|---|---|
| [ʊ] | [ɑ:] | [e] | [i:] | [ʌ] | [ɔ:] |
| [ə] | [ɪ] | [ɒ] | [u:] | [ɜ:] | [æ] |

Diphthongs

| | | | |
|---|---|---|---|
| [ʊə] | [ɪə] | [ɑʊ] | [eə] |
| [əʊ] | [ɑɪ] | [ɔɪ] | [eɪ] |

## व्यञ्जन वर्ण

व्यञ्जन भनेको स्वर होइन जुन हामीले बनाउने ध्वनि हो। मुखबाट निस्कने बाटोमा सास रोकिएको छ। उदाहरणका लागि RAT मा R र T व्यञ्जनहरू हुन्। अंग्रेजी अक्षरहरू B, C, D, F, G, H, J, K, L, M, N, P, Q, R, S, T, V, W, X, Y, Z, W र Y अक्षरहरू कहिलेकाहीँ स्वरको रूपमा कार्य गर्दछ, जस्तैः My, Show/Happy शब्दहरूमा।

अंग्रेजीमा २१ व्यञ्जन (Consonants) स्वरहरू २ प्रकारमा विभाजित गरिएको छ :

आवाजसहितको ध्वनिः १५ ध्वनिहरू
आवाजविहीन ध्वनिहरूः ९ ध्वनिहरू
व्यञ्जनः २१ अक्षर २४ ध्वनि

## लिपिको समानता र भिन्नता

नेपाली र हिन्दी भाषले देव नागरी लिपि प्रयोग गर्छन् । तिनीहरूको लेखन प्रणालीको सन्दर्भमा धेरै समानताहरू रहेका छन् । यहाँ केही प्रमुख समानताहरू निम्न अनुसार प्रस्तुत गरिएको छ :

**साझा लिपिः** नेपाली र हिन्दी दुवैले आ–आफ्नो भाषा लेख्न देव नागरी लिपि प्रयोग गर्छन्। यस लिपिमा रहेका स्वर, व्यञ्जन चिह्नहरू एउटै चिह्न साझा गर्छन्।

**आधारभूत वर्ण** : व्यञ्जन र स्वरहरू प्रतिनिधित्व गर्ने आधारभूत वर्णहरू दुवै भाषाहरूमा समान छन्। उदाहरणका लागि अक्षर क (Ka) ले नेपाली र हिन्दी दुवैमा ध्वनि 'k' लाई प्रतिनिधित्व गर्दछ।

**मात्रा चिन्हहरूः** दुवै भाषाहरूले व्यञ्जनको अन्तर्निहित स्वर ध्वनि परिमार्जन गर्न डायक्रिटिक चिन्हहरू (मात्रा) प्रयोग गर्छन्। उदाहरणको लागी Diacritic को 'क' लाई का मा परिवर्तन गर्दा दुबै भाषाहरूमा 'Ka' को प्रतिनिधित्व गर्दछ।

**नाकीकृत स्वरहरूः** दुबै लिपिहरूमा अनुनासिक स्वरहरू प्रतिनिधित्व गर्ने चिह्नहरू छन्। उदाहरणका लागि हिन्दीमा अं र नेपालीमा अँ एउटै नासिक्य 'a' ध्वनिलाई जनाउँछ।

**समान रूपरेखाः** लिपिको समग्र रूपरेखा र संरचना दुवै भाषाहरूमा समान छ। वर्णहरू समान रूपमा व्यवस्थित गरिएको छ।

यी समानताहरूको कारणले गर्दा एक भाषाका वक्ताहरूले उच्चारण र शब्दावलीमा केही भिन्नताहरूका साथ अक्सर अर्को भाषा पढ्न र लेख्न सक्छन्।

## भिन्नता

नेपाली र हिन्दीले एउटै देव नागरी लिपि साझा गर्दा, तिनीहरूले प्रयोग गर्ने अक्षरहरूमा केही भिन्नताहरू रहेका छन्। जसलाई यहाँ निम्न अनुसार प्रस्तुत गरिएको छ :

**नेपालीमा अतिरिक्त चिह्नहरूः** नेपालीमा केही थप चिह्नहरू छन् जुन हिन्दीमा प्रयोग हुँदैनन्। उदाहरणका लागि नेपालीसँग रेट्रोफ्लेक्स लेटरल एप्रोक्सिमन्ट प्रतिनिधित्व गर्नको लागि छुट्टै वर्ण (ळ) छ, जुन हिन्दीमा छैन।

**उच्चारणमा भिन्नताः** नेपाली र हिन्दीमा केही अक्षरहरू फरक–फरक रूपमा उच्चारण गरिन्छन् । उदाहरणका लागि वर्ण 'त' हिन्दीमा 'ta' तर नेपालीमा 'ta' को रूपमा उच्चारण गरिन्छ।

**शब्दावलीमा भिन्नताः** लिपि एउटै भए पनि नेपाली र हिन्दी भाषाको शब्दावलीमा भिन्नता छ। यसको मतलब वर्णहरू एउटै भए तापनि ती चिह्नहरूमा लेखिएका शब्दहरू दुई भाषाहरूमा फरक हुन सक्छन्।

**चिह्नहरूको प्रयोगः** दुई भाषाहरूका बिचमा निश्चित वर्णहरू र मात्राहरूको प्रयोगमा भिन्नताहरू हुन सक्छन्, विशेष गरी प्रत्येक भाषाको लागि अद्वितीय ध्वनिहरूको लागि।

यी भिन्नताहरूको बावजुद समग्र संरचना र देव नागरी लिपिमा धेरैजसो वर्णहरू नेपाली र हिन्दी बिच साझा गरिएको छ, जसले एक भाषा बोल्नेहरूलाई अर्को भाषा सिक्न सजिलो बनाउँछ।

नेपाली र अंग्रेजी अक्षरहरू फरक–फरक लिपिहरू भएकाले फरक छन् । नेपालीले देव नागरी लिपि प्रयोग गर्छ भने अंग्रेजीले ल्याटिन लिपि प्रयोग गर्छ। यहाँ केही समानताहरू छन् जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ।

**विराम चिह्नहरू** : नेपाली र अंग्रेजी दुवैले समान विराम चिह्नहरू प्रयोग गर्छन्। जस्तैः अल्पविरामहरू, प्रश्न चिह्नहरू र विस्मयादिबोधक चिह्नहरू।

**अंकहरूः** दुबै लिपिहरूले संख्यात्मक उद्देश्यका लागि समान अंकहरू (०–९) प्रयोग गर्छन्।

**केही ऋण शब्दहरूः** अक्षरहरूमा प्रत्यक्ष समानता नभए पनि दुवै भाषाहरूले एकअर्काबाट शब्दहरू लिएका छन्। त्यसैले नेपालीमा केही शब्दहरू उनीहरूको अंग्रेजी समकक्षहरू जस्तै लेखिएका छन्।

**लेखन निर्देशनः** नेपाली र अंग्रेजी दुवै बायाँबाट दायाँ लेखिएका छन् । यद्यपि प्रयोग गरिएका वास्तविक

चिह्नहरूको सन्दर्भमा नेपाली र अङ्ग्रेजीमा धेरै समानताहरू छैनन्, किनकि तिनीहरू फरक–फरक वर्णहरूको सेट भएका विभिन्न लिपिहरूसँग सम्बन्धित छन् ।

## भिन्नता

नेपाली र अंग्रेजीफरक–फरक लिपिहरू हुन् । नेपालीले देव नागरी लिपि प्रयोग गर्दछ, जबकि अंग्रेजीले ल्याटिन लिपि प्रयोग गर्दछ । यहाँ दुई लिपिहरू बिच केही प्रमुख भिन्नताहरू छन् :

**अक्षर समूह** : सबैभन्दा स्पष्ट भिन्नता प्रयोग गरिएको अक्षर समूह हो । देव नागरी लिपिमा व्यञ्जन, स्वर र अन्य ध्वनिका लागि वर्णहरूको आफ्नै समूह छ, जबकि अंग्रेजीका लागि प्रयोग गरिने ल्याटिन लिपिमा वर्णहरूको फरक समूह छ।

**लेखन निर्देशन**: नेपाली अंग्रेजीजस्तै बायाँबाट दायाँ लेखिन्छ तर अंग्रेजीअक्षरहरूको गोलाकार, कर्सिभ प्रकृतिको तुलनामा अक्षरहरू प्रायः अधिक कोणात्मक र संरचित हुन्छन् ।

**अक्षर फारमहरू**: नेपालीमा सामान्य रूपमा देव नागरी रूपमा लेखिन्छ । प्रत्येक अक्षर सामान्यतया यसको पूर्ण रूपमा लेखिएको हुन्छ, चाहे त्यो शब्दको सुरूमा, बिचमा वा अन्त्यमा देखापरे पनि । अंग्रेजीमा प्रायः अपरकेस र लोअरकेस अक्षरहरूका लागि विभिन्न रूपहरू हुन्छन् ।

**उच्चारण प्रतिनिधित्व**: देव नागरी लिपि प्रायः अधिक ध्वन्यात्मक हुन्छ। अक्षरहरूले अङ्ग्रेजीमा भन्दा धेरै निरन्तर रूपमा विशिष्ट ध्वनिहरू प्रतिनिधित्व गर्दछ। जसमा उच्चारणमा धेरै अनियमितताहरू छन् ।

**अतिरिक्त प्रतीकहरू**: देव नागरीले अंग्रेजीमा नभएका ध्वनिहरूका लागि थप प्रतीकहरू समावेश गर्दछ । जस्तै नाकमा भएका स्वरहरू र रेट्रोफ्लेक्स व्यञ्जनहरू।

**स्वर चिन्ह लगाउने**: देव नागरीमा स्वरहरूलाई प्रायः व्यञ्जनहरूसँग जोडिएको मात्रा प्रतीकहरूद्वारा चिन्हित गरिन्छ, जबकि अंग्रेजीमा स्वरहरू प्रायः स्ट्यान्डअलोन अक्षरहरू हुन् ।

समग्रमा लिपिहरू तिनीहरूको उपस्थिति संरचना र तिनीहरूले आवाजहरू प्रतिनिधित्व गर्ने तरिकामा भिन्न हुन्छन् । तिनीहरूका लागि प्रयोग गरिएका भाषाहरू बिच भाषिक र सांस्कृतिक भिन्नताहरू प्रतिबिम्बित गर्दछ ।

नेपाली भाषाको साहित्यलाई पुर्ण गर्नका लागि अवधि, पाली, संस्कृत भाषाको साहित्य मात्र नभएर दैनिक अवलोकन र त्यसले पार्ने प्रभावहरूसमेतलाई प्राथमिक अध्ययन विधिबाट स्थापित गर्नका लागि लिपिको विशेष अध्ययन अनुसन्धानको आवश्यकता छ जसले साहित्य र ज्ञान मात्र नभई सामाजिक परिवेशको एकात्मक नैतिकतालाई अभ्यसकृत गराई सामाजिक निपूर्णता प्रविष्ट गर्दछ (Mishra, 2022; Mishra & Aithal, 2023) ।

## निष्कर्ष

मानवको संवेदनात्मक भावलाई भाषाले पूर्णतया अभिव्यक्त गर्न सक्दैन, यो अनुभवसिद्ध कुरा हो । हर्ष, शोक, मिठास, पीडा आदि भाव भाषाले पूर्णतया व्यक्त गर्न सक्दैन । लिपि भाषाको स्थूल रूप हो । लिपि पनि मानवीय मनोभावलाई व्यक्त असमर्थ छ। लिपि भाषाको लिखित रूप हो । भाषाजस्तै लिपिको पुरातन र काल अज्ञात छ। लिपिका माध्यमबाट भाव प्रकाशन भएको समय कुनै निश्चित रूपमा भन्न सकिँदैन । वर्णमाला भनेको कुनै पनि भाषामा लघुतम युग्ममा उच्चारण र अर्थ दुवैले साटिन सक्ने ध्वनिहरूको सूची अथवा तालिका हो । यस्तो सूची वा तालिका संवर्णमाला नभएर वर्णमाला भएको हुनाले एउटै भाषाका एउटा वर्णका अनेक संवर्णहरूमध्ये कुनै एउटा ध्वनि मात्र वर्णमालामा सामेल गरिन्छ । लिपि सम्बन्धी अध्ययनमा भारत वर्ष नै मुख्य स्रोतको रूपमा रहेको छ । सिन्धु सभ्यतादेखि मेसोपोटामिया हुँदै भारतीय उपमहाद्विपसम्म लिपिको प्रभाव पाइन्छ । पौराणिक ग्रन्थ महाभारत, वेद, पुराण र महाकाव्यमा पनि लेखन सम्बन्धी विषयवस्तु रहेका छन् । लिपिको प्राचीनता खासगरी ब्राह्मी उत्तर लिच्छवी, पूर्व लिच्छवी, समेटिक लिपि र खरोष्टी लिपि भनेर पनि चर्चा गरिएको छ। जेहोस् लिपिको प्राचीनता ब्राह्मी हुँदै पूर्व र उत्तर लिच्छवीबाट देव नागरी लिपिको विकास भएको पाइन्छ । धेरै जसो पूर्वीय विद्वानले यस कुरालाई स्वीकार गरेका छन् ।

## सन्दर्भसामग्रीहरू


अधिकारी, हेमाङ्गराज (२०६३), प्रयोगात्मक सरल नेपाली व्याकरण, काठमाण्डौँः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७४), प्रयोगात्मक नेपाली शब्दकोश. काठमाण्डौँः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७४), प्रयोगात्मक नेपाली शब्दकोश. काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार।

अर्याल, सुदर्शन (२०७६ फागुन २४), लेखनको इतिहासः १२ हजार वर्षमा कसरी भयो विकास.अनलाइन खबर.पृ.३।

उच्च शिक्षा विभाग, मानव संसाधन विकास मन्त्रालय (२०१६), देव नागरी लिपि तथा हिन्दी वर्तनी का मानकीकरण.भारत सरकारःस्वयम्।

उच्च शिक्षा विभाग, मानव संसाधन विकास मन्त्रालय (२०१६), देव नागरी लिपि लेखन अभ्यास पुस्तक, भारत सरकार : स्वयम्।

खतिवडा, लक्ष्मीप्रसाद (२०७३ भाद्र २५), नेपाली लिपिको एनाटोमी, नागरिक, पृ. ५।

खनिया, बुद्धराज र अन्य (२०६६). नेपाली भाषा शिक्षण . काठमाडौं : जुपिटर प्रकाशक तथा वितरक प्रा.लि।

ताम्राकार, पूर्ण (December 22.2010 ), लिपिको उत्पत्ति र विकास, समकालीन साहित्य।

तिवारी, भग्वानदास (सन् २०१९), देव नागरी लिपिः स्वरूप.विकास और समस्याएँ, लखनउः हिन्दी साहित्य भण्डार।

पौड्याल, कृष्णविलास (२०६७), भाषाविज्ञान, काठमाण्डौंः दीक्षान्त पुस्तक भण्डार।

बनसोडे, उषा (सन् २०१८), देव नागरी लिपि और संचार माध्यम, *International Research journal of Management Sociology and Humanity, 9*(9), 177–189. https://doi.org/10.32804/IRJMSH

बन्धु, चूडामणि (२०५०), भाषाविज्ञान, (छौटौं संस्क) काठमाण्डौं : साझा प्रकाशन।

भट्टराई, हर्षनाथ शर्मा (२०५१ वैशाख). लिपिः मानव उद्भवदेखि वर्तमानसम्म, मधुपर्क, वर्ष २६, अङ्क १२, २९९, ४–१२.

मिश्र, मुकेशकुमार (सन् २००३). बाह्मी लिपि की उत्पत्ति *The journal of indic studies, 2*(2), 26–49.

राजवंशी, शङ्करमान (२०५९)। नेपाली लिपिविकास. काठमाण्डौं : पेपेर वेश इण्डष्ट्रीज।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (२०८०). नेपाल परिचय (एघारौं संस्क).काठमाण्डौं : स्वयम्।

Mishra, A. K. (2022). *A reference book on comparative assessment from the Eastern approach*. Intellectual's Book Palace. https://doi.org/10.5281/zenodo.6323461

Mishra, A. K., & Aithal, P. S. (2023). Building ethical capital through human resource. *International Journal of Management, Technology, and Social Sciences (IJMTS), 8*(1), 1-15. https://doi.org/10.5281/zenodo.7519862

❖❖❖